# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
## त्रिवेणी नगरपालिका
## बाजुरा ।




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं४३०

मिति: २०७७/३/२६


श्री नगरप्रमुखज्यू,
त्रिवेणी नगर कार्यपालिकाको,कार्यालय,
बाजुरा ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या :२०७६।७७
च.नं :४३९

मिति : २०७७।३।२६

श्री नगरप्रमूखज्यू,
त्रिवेणी नगरपालिका, बाजुरा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले त्रिवेणीनगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. १ करोड ८२ लाख २६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु१८ लाख १ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ५६ लाख ६६ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ६६ हजारर पेश्की बाँकी रु.२ लाख ९४ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १४ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# त्रिवेणी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अन्तर्गत ९ वडा रहेको, ४७ सभा सदस्य, १७०.३२ बर्ग कि.मी. क्षेत्रफल, २३८३४ जनसंख्या र सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चित कोषः** स्थानीय सरकार संचालन ऐन २०७४को दफा ६९ र ७२ वमोजिम त्रिवेणी नगरपालिकाले प्राप्त गरेको आय,व्यय अनुदान तथा सहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५/७६ का समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आयतर्फ | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|
| सि. नं | विवरण | यस आवको रु. | सि. नं. | विवरण | खर्च | यस आवको रु. |
| १ | **गत वर्षको जिम्मेवारी** | | १ | **चालु खर्च** | | १९८०५४८३२.२३ |
| | क) धरौटी | २६१८०.०० | २ | **पूँजीगत खर्च** | | १३२६०३४०३.७० |
| | ख) बैंक | ६६८८०४३६.४३ | ३ | **सर्शत अनुदान** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १७८८६२३.०७ | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ५०३२१६२४.२३ | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय unicef | ३८३६९५०.०० | ४ | **सर्शत अनुदान** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | **शिक्षा** | ८९६२१४३२.६२ | |
| | क) वित्तीय समानीकरण अनुदान | १०८२००००.०० | | **स्वास्थ्य** | २३२६८३०१.३० | |
| | ख) सशर्त अनुदान | ११८३६७०००.०० | | **पशु** | ३०४९८५.०० | |
| | ग) समपूरक अनुदान | ५०४४८०००.०० | ५ | **कृषि** | १४८७१७०.०० | |
| | घ) विशेष अनुदान | | ६ | **वन** | १३०७७००.०० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ७ | **वहु क्षेत्रीय पोषण** | १३५२०००.०० | |
| | क) वित्तीय समानीकरण अनुदान | ६८२००००.०० | | प्रधानमन्त्री रोजगार | ४५६७०६२.०० | |
| | ख) सशर्त अनुदान | | | सामाजिक सुरक्षा | ३२७०३८००.०० | |
| | ग) समपूरक अनुदान | | | ग्रामिण जलश्रोत परियोजना | १०००००.०० | |
| | घ) विशेष अनुदान | | | स्थानीय तह साझेदारी कार्यक्रम | २८२९२२०.०० | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | झोलुङ्गे पुल कार्यक्रम | ८३००१२.०० | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | स्थानीय तह क्षमता विकास | ३०५०००.०० | |
| | क) ऋण प्राप्ति | | | महिला विकास कार्यक्रम | २४६०००.०० | |
| | ख) साँवा प्राप्ति | | | नविकरणीय उर्जा | १०४७०००.०० | |
| | ग) ब्याज प्राप्ति | | | | **१५९९६९६८२.९२** | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ८ | **धरौटी फिर्ता** | | २५३६८०.०० |
| ८ | **जनसहभागिता (नगद)** | | ९ | **मौज्दात** | | |
| ९ | **धरौंटी आय** | ११९६०९८६.०० | | क) बैंक मौज्दात (मुलखाता) | | ७९६१२५५९.५० |
| १० | **लगानीको साँवा फिर्ता** | | | ख) धरौटी | | ११७३३४८६.०० |
| ११ | **अन्य विविध आय (पेफ समेत)** | ३६०८१६१.७० | | | | |
| | **जम्मा** | ४२२२५७९६१.४३ | | **जम्मा** | | ४२२२५७९६१.४३ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले कानुनबमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियन गर्ने व्यवस्था छ । वार्षिक खरिद योजना, नागरिक वडापत्र, सेवाग्राही मैत्री संरचना, मलेप फारम नं. २, भ्रमण अभिलेख खाता, खरिद इकाई गठन जस्ता कार्यमा कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली स्विकृत गराई कार्यान्वियन गर्नु गराउनुपर्दछ । | |
| २. | **वित्तीय विवरणको यथार्थता :** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरणहरु, लेखानीति तयार गर्ने यो वर्ष स्वेच्छिक भएपनि २०७६/७७ देखि अनिवार्य रुपले तयार गर्नुपर्ने भएकोले तदनुसार वित्तीय विवरण तयार गर्ने गरी लेखा राख्ने व्यवस्था हुनुपर्दछ । | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम यस प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ७ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सोको पूर्णपालना गर्नुपर्ने देखियो । | |
| ४. | **सम्पत्ति लेखांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८१ मा नगरपालिकाको क्षेत्र भित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायवाट संचालन भई आएका स्थानीय स्तरका कार्यालयका संरचना चल, अचल सम्पत्ती संरचना (कृषि, पशुसेवा, उपकेन्द्र, स्वास्थ्य चौकी, आर्युर्वेद औषधालय, शिक्षा स्रोत केन्द्र र सामुदायिक सिकाई केन्द्र) विभिन्न योजनावाट सम्पन्न खानेपानी सिचाई जस्ता विकास निर्माण आयोजना आदि स्वत हस्तान्तरण हुने उल्लेख छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७४ असार भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा रहेका यस्ता सम्पत्ति, आयोजना लगायतका संरचनाको लगत तयार गरी यस २०७६ असार मसान्त सम्म पनि सार्वजनिक गरेको देखिएन । गठन आदेश वमोजिम यस्ता सम्पत्तिको लगत अध्यावधिक गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।<br>नगरपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गर्नुपर्ने देखिएको छ । | |
| ५. | **वार्षिक खरिद योजना :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) बमोजिम सार्वजनिक निकायले वार्षिक १० लाख भन्दा वढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा वजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष खरिद इकाई गठन तथा खरिद योजना बनाई कार्यान्वयन गरेको देखिएन । नियममा भएको व्यवस्था कार्यान्वयन गर्नु पर्दछ । | |
| ६. | **वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीयत तह संचालन ऐन, २०७४ को दफा ६७ मा ७ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था गरेको छैन । | |
| ७. | **वडा संचालन खर्च :** खर्चको विल भर्पाई पेश गरेपनि खर्च शिर्षक नियमित नगरी जुनसुकै प्रकारको विल भर्पाई पेश गरेपनि सोधभर्ना तथा खर्च लेख्ने गरी यस पालिकाले वडा नं. १ देखि ९ सम्मको प्रतिवडा रु. २ लाखका दरले स्टेशनरी, चियापान खर्चको लागि रु. १८ लाख खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता | |

नपाउने हुँदा यसतर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

९. **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्दछ । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

१०. **लक्ष्य प्रगतिको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले संचालन गरेको नगरस्तरिय र वडास्तरिय आयोजना मध्ये सवै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । यस तर्फ ध्यान दिनुपर्दछ ।

११. **चौमासिक खर्च :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ८.६५ प्रतिशत, दोश्रो चौमासिकमा २२.९५ प्रतिशत र तेश्रो चौमासिकमा ६८.४० प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा ३५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । निर्माण कार्यको गुणस्तर र अनुगमनमा सहजता ल्याउन चौमासिक लक्ष्य तथा कार्य विवरण अनुरुप खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१२. **चौमासिक प्रगति :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(५) नगरपालिकाले स्थानीय संचित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएपनि सो अनुसार गरेको छैन । कानूनको पालना गरी वित्तीय सुशासनको प्रवर्द्धन गर्नुपर्दछ ।

१३. **प्रशासकीय संगठन र कर्मचारी दरवन्दी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा गाँउपालिकाले आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । यसमा वडाको संगठन संरचना समेत समावेश हुनुपर्दछ । साथै, प्रमुख प्रशासकीय अधिकृतले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । स्थायी दरवन्दी सिर्जना गर्न नसकिने नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पल्म्वर, इलेक्ट्रीसियन, चौकीदार, माली, वगैचे, सरसफाई सम्वन्धी पदमा स्थायी पदपूर्ती नगरी सेवा करार लिनुपर्ने व्यवस्था छ । साथै, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्वन्धि सभाबाट स्वीकृत गराउनु पर्ने पर्दछ । तर यस पालिकाले सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरेको छैन । साथै, नेपाल सरकारले स्वीकृत गरेको दरवन्दीमा देहायनुसार २४३ स्वीकृत रहेकोमा हाल जम्मा शिक्षक समेत ९० जना स्थायी, ८१ करार र ३४ जना राहत समेत २०५ जना कार्यरत रहेका छन । दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा स्थानीय सरकारबाट दिइने सेवा प्रवाहमा गम्भीर असर परेकोले अपेक्षित जनताको सेवा गर्न नसकेको जानकारी प्राप्त भएको छ । तसर्थ यथाशिध्र कर्मचारी व्यवस्थापन हुनुपर्ने देखियो ।

| क्र.सं | विवरण | दरवन्दी | स्थायी | करार | राहत | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिका वडा समेत | ४६ | ५ | ९ | ० | १४ |
| २ | कृषि भेटनेरी | ५ | २ | ० | ० | २ |
| ३ | स्वास्थ्य | २१ | १५ | ३ | ० | १८ |
| ४ | शहरी स्वास्थ्य बर्थिङ सेन्टर | २४ | ० | २४ | ० | २४ |
| ५ | शिक्षक | १४७ | ६८ | ४५ | ३४ | १४७ |
| | **जम्मा** | **२४३** | **९०** | **८१** | **३४** | **२०५** |

१४. **मध्यकालीन खर्च संरचनाः-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था भए पनि तदनुसार मध्यकालीन खर्च संरचना तयार गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१५. **नक्सा पास :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा कसैले पनि गाँउपालिकावाट नक्सा पास नगराई भवन निर्माण गर्नु हुदैन । तर यस नगरपालिकाले घर नक्सा पास गर्ने व्यवस्था समेत गरेको छैन । यसवाट दफा ४३ अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने दायित्व पूरा गरेको छैन । भवन संहिताको पालना गर्दा भविष्यमा पर्ने विपद् जोखिम न्यून हुने जनता बिच कानुनको परिपालनावाट विवाद सामाधानमा सहयोग पुग्ने, सरकारी जग्गाको संरक्षण समेतमा

| | | |
|---|---|---|
| | सहयोग पुग्ने र आन्तरिक आयमा समेत सहयोग पुग्ने हुँदा भवन निर्माण गर्दा नक्सा पास गर्नु अति आवश्यक छ । यसतर्फ सम्पूर्ण जनतामा सचेतनाको कार्यक्रम संचालन गरी जनसहभागिताको माध्यमवाट शिघ्र कार्यान्वयन गर्नुपर्दछ। | |
| १६. | **सम्पत्ति हस्तान्तरण र जिन्सी निरिक्षण :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा मा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले जग्गा, भवन संरचनाको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । वडा कार्यालयहरुमा रहेका सामानहरुको एकिन हुने गरी जिन्सी निरीक्षण गरेको छैन । यसका अतिरिक्त नियमानुसार जिन्सी निरीक्षण नगर्नुका साथै माग फारममा सामान माग गरेको भएपनि निकासी नम्वर र सामान बुझ्नेको गत वर्षको जिम्मेवारी, खप्ने नखप्ने समान समेतको दस्तखत समेत गरेको देखिएन । तत्काल जिन्सी निरीक्षण गरी जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ । | |
| १७. | **सेवा प्रवाह** : स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई अगाडि बढाई जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । स्थानीय तहमा दरबन्दी अनुसार कर्मचारी समायोजन नभएको कारण जनशक्तिको अभाव, कार्यालय भवन लगायतका पूर्वाधारको अभावमा सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । निर्वाचित पदाधिकारीबाट ५ वर्षे कार्ययोजना समेत बनाउन नसकेको स्थिति छ । सभाबाट स-साना टुक्रे धेरै योजना पारित हुने, पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने, अनुत्पादक खर्च र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खर्च तथा खरिद प्रक्रिया कानुनविपरीत हुने, दिगो योजना नबनाउने लगायतका कारण प्रभावकारी सेवाप्रवाहमा समस्या रहेको छ । यस तर्फ विशेष ध्यान दिन जरुरी छ । | |
| १८. | **निशुल्क औषधि लोगो :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ को खण्ड (च) मा सरकारी जिन्सी सामानको दुरुपयोग हुन नपाउने गरी आन्तरीक नियन्त्रण व्यवस्था अपनाउनु पर्ने उल्लेख छ । संघीय संसद सार्वजनिक लेखा समितिले पनि नेपाल सरकारबाट निशुल्क रुपमा वितरण हुने औषधिमा नेपाल सरकारबाट निशुल्क वितरणको लोगो लगाउनु पर्ने निर्देशन दिएको छ । यसरी लोगो नलगाइएको कारणले रु. १४,०००००। बराबरका ती औषधीबाट कुनै व्यक्तिले फाइदा हुने गरी प्रयोग गर्न नसक्ने र निशुल्क वितरणको लोगो नलागाएमा दुरुपयोग हुन सक्ने भएकोले सो सुनिश्चित हुने गरी निशुल्क वितरणको लोगो प्रयोग हुनुपर्दछ । | |
| १९. | **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस आवमा उपभोक्ता समितिबाट लागत अनुमान ५ लाख भन्दा बढि भएका रु. ३२४०७८३०। का ३१२ योजनाहरु हस्तान्तरण गरेको देखिएन । सम्पन्न योजना हस्तान्तरण गर्ने, हस्तान्तरण पश्चात मर्मत सम्भार भए नभएको अनुगमन गर्ने, विमा गर्ने, मर्मत सम्भारको कार्य योजना तथा सेवा शुल्क लिने संरचना र सोको विधि तयार गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिनुपर्दछ । | |
| २०. | **विद्युत उत्वादनमा लगानी :** कार्यक्रम तयार गर्दा १ मेघावाट सम्मका विद्युत्त आयोजना सम्वन्धि कार्य गर्ने अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) को खण्ड (७) मा व्यवस्था छ । सो अनुसार यस पालिकाले मालागाढ गेरेखोला माइक्रो हाइड्रो पावर प्रोजेक्ट संचालन गरी १०० किलोवाट विद्युत्त उत्पादन गर्न पूर्व संभाव्यता अध्ययन गर्न रु. ३ लाख र डिजिटल प्रोजेक्ट प्रतिवेदन रु. ५ लाख समेत रु. ८ लाख खर्च गरेको छ । उक्त विद्युत्त उत्पादन गर्न रु. ५ करोड २० लाख ३३ हजार ३६९। लाग्ने २०७५।७६ को मूल्यमा अनुमान गरेको छ । यसरी १ मेघावाटको लागि रु. ५२०३३३६९०। खर्च पर्दछ । जुन राष्ट्रिय विद्युत्त उत्पादन लागत भन्दा झण्डै २५० प्रतिशत भन्दा बढी लागत पर्दछ । आउदो वर्ष नेपालको राष्ट्रिय ग्रिडमा झण्डै १००० मेघावाट विद्युत्त जोडिने भएकोले यस्ता साना विद्युत्त आयोजना संचालन गर्नु भन्दा राष्ट्रिय प्रसारण लाइनबाट आफ्नो क्षेत्रमा आवश्यक पर्ने विद्युत्त लाइन विस्तार गर्ने तर्फ सोच्नुपर्दछ । यसतर्फ पालिकाको ध्यान जानुपर्दछ । | |

२१. **आन्तरिक आय :** आर्थिक कार्याविधि नियमावली, २०६४ को परिच्छेद-३ मा राजस्वको दाखिला र राजस्व लेखा, नियम ९ मा राजस्व रकम बुझ्ने र दाखिला गर्ने र नियम १० मा राजस्व लेखा अद्यावधिक गरी राख्ने व्यवस्था छ । नगरसभाले आन्तरिकबाट रु. २५५००००। प्राप्त हुने अनुमान गरेको भएपनि बेरुजू दाखिला रु. ९२६८० र समेत रु. १७८८६२३।०७ प्राप्त भएकोमा देखिएका व्यहोरा देहायनुसार छन :

१) प्रदेश सरकारबाट सवारी कर रु. ६०८५६३।२४ मालपोत रजिष्ट्रशन रु. ४९३९०७४१, वहाल कर रु. ११०२१५। सिफारिश दस्तुर रु. ३८०२५७। लगायतबाट आम्दानी भएको छ ।

२) मालपोतको लगत रीख असुल गर्ने साथै वडावाट प्राप्त आय एकिन गर्नुपर्ने देखिएको छ ।

३) नक्सापासबाट आय प्राप्त भएको छैन र नक्सापास गरी घर बनाउने कार्य व्यवस्थित तरिकाले हुने गरेको देखिएन ।

४) सिफारिश मालपोत आदी असूल गरी प्राप्त राजस्व दैनिक रुपमा मलेप फारम १०८ मा पोष्टिङ्ग गरी देखाउनुपर्नेमा असूल भएको विभिन्न प्रकारको राजस्व ७ नं. वडाबाट रसिद संकलन भएको भएपनि अन्य वडाबाट नभएकोले ती पालिकाबाट गएको रसिद र वडाबाट उठेको राजस्व आय एकिन गरी स्पष्ट हिसाव गरी गराई आयको हिसाव फरफारक नगरेकाले सो गर्ने व्यवस्था गर्नुपर्दछ ।

२२. **अनुगमन मूल्यांकन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ ख (५) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन वैठकमा पेश गर्ने अधिकार पालिकाको उपप्रमुखलाई दिएको छ । सो अनुसार प्राविधिक तथा प्रशासनिक प्रमुख समेत रहने गरी अनुगमन समिति गठन गरेकोमा निजहरुले पेश गरेको अनुगमन प्रतिवेदनमा राय पश्चात दस्तखत गर्ने गरी प्रतिवेदनको ढाँचा परिवर्तन गर्नुका साथै अनुगमन प्रतिवेदनलाई अझ वढी सूचनामूलक वनाउने र उल्लेख गर्नुपर्ने सूचना प्रतिवेदनमा उल्लेख हुनुपर्ने देखियो । यसतर्फ सुधार हुनुपर्दछ ।

२३. **फोहोरमैला व्यवस्थापन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ (झ) मा आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धि पूर्वाधारको विकास र व्यवस्थापनमा निजी र गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य गर्नुपर्ने व्यवस्था छ । यस कार्यलाई सफल पार्न ढलनिकास, जुठ्यान निर्माण, सार्वजनिक शौचालय निर्माण र मल व्यवस्थापन समेत रु. १० लाख वजेट व्यवस्था गरेकोमा वडाहरुले टोल छनौट गरी जुठ्यान व्यवस्थित गर्ने कार्य गरेको छ । सार्वजनिक शौचालय वडा नं. ८ को पिपल बजार र वडा नं. ९ को खिन्ने सत्यदेवि आविमा सार्वजनिक शौचालय निर्माण गरेको जानकारी प्राप्त भयो । डम्पिङ साइट लगायतका व्यवस्था भएको छैन । जताततै प्लाष्टिक र प्लाष्टिक जन्य फोहोर पार्ने प्रवृत्ति बढ्दै गएको देखिएकोले त्यसतर्फ पालिका सचेत हुनुपर्दछ ।

२४. **विल भरपाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेकोमा देहायका आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिबाट डोजरको स्वामित्व भएको कम्पनीबाट मुअकर सहितको कर विजक जारी गरेको प्रमाण संलग्न गर्नुपर्नेमा सो नगरी संझौताको आधारमा भाडा मानी १० प्रतिशत बहाल कर कट्टा गरेको देखियो । साथै, आगामी भुक्तानी दिँदा नियमानुसार डोजरको स्वामित्व भएको कम्पनीबाट कर विजक लिने व्यवस्था हुनुपर्दछ ।

| भौ.न./मिति | विवरण | रकम रु. |
|---|---|---|
| ७-०७५/११/२० | कैलाशमाण्डु डाँडा देखि भुवानाठोस्ना कृषि सडक | ४७४०००.०० |
| ८-०७५/११/१० | तरसाखोला रत्न बागापाटा पैमा सडक निर्माण | ६५२०००.०० |
| २०-०७५/११/२९ | देवलडाँडादेखि नगरपालिकासम्म कृषि सडक | २८५३००.०० |
| २२-०७५/११/२९ | निगाडा वागापाटा सडक निर्माण | ६२५१४०.०० |
| २८-०७६/१/४ | नाटेश्वरी बडिमालिका पर्यटकीय सडक | ३८००००.०० |
| ३५-०७६/१/५ | खिरपाटा बोडिङ हुँदै पन्धारा रोड | ७२६०००.०० |
| ६७-०७६/१/३० | देवलडाँडादेखि नगरपालिकासम्म कृषि सडक | २६५५००.०० |
| ८२-०७६/२/७ | देवलडाँडादेखि नगरपालिकासम्म कृषि सडक | ६००८००.०० |

| | | |
|---|---|---|
| ४१-०७६/१/८ | सिम्ला पहिरो दखि चाल्नेगडा सडक निर्माण | ५४२६००.०० |
| २८८-०७६/३/२७ | तरसी खोला देखि पैमा सडक निर्माण | ३२००००.०० |
| | **जम्मा** | **४८७१३४०.००** |

२५. **जग्गा खरिद :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिमका कार्य जिम्मेवारी पूरा गर्ने सन्दर्भमा गाउपालिका वा ले कुनै परियोजना सञ्चालन गर्न सरकारी वा कुनै निजी जग्गा प्राप्ती गर्नुपर्ने हुनसक्छ । यसरी जग्गा प्राप्ती गर्नुपर्ने अवस्थामा अर्को व्यवस्था नभए सम्मका लागि जग्गा प्राप्ती ऐन, २०३४ ले तोकेको प्रकृया वा सरकारी जग्गा दर्ता वा लिजमा उपलव्ध गराउने सम्वन्धि कार्यनीति, २०७१ ले तोकेको प्रकृया पुरा गरी स्थानीय तहको लागि जग्गा प्राप्त गर्न सकिने कानूनी व्यवस्था रहेको छ । पालिकाले कुनै परियोजना कार्यान्वयनका लागि आवश्यक जग्गा प्राप्ती गर्दा स्थानीय तह ,साविकको स्थानीय निकाय वा सरकारी निकायको नाममा रहेको जग्गा वा अन्य कुनै जग्गा निशुल्क रुपमा लिने प्रकृयाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा जग्गा प्राप्ती प्रकृया अगाडी बढाउन प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकीदिन मन्त्रालयमा अनुरोध पठाउदा परियोजनाका लागि आवश्यक जग्गा निशुल्क रुपमा प्राप्तीको प्रयास भएको र सो बमोजिम आवश्यक जग्गा उपलव्ध हुन नसकेको व्यहोरा खुल्ने सहितको कागजात संलग्न गरि पठाउन मिति २०७५।२।१३ मा स्थानीय तहका लागि आवश्यक जग्गा प्राप्ती गर्ने प्रकृया सम्वन्धि परिपत्र गरेकोमा सो सम्वन्धि कारवाही नगरि नगरपालिकाले १२२५ वर्ग.मि. को रु. ७००। का दरले रु.८९०७५००। मा खरिद गरेको देखिएको छ ।

२६. **सडक सीमा अधिकार क्षेत्र :** स्थानीय तहहरुले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४५ अनुसार आफ्नो क्षेत्रभित्रको स्थानीय सडकको दाँयावाँयाको अधिकार क्षेत्र ( Right of way ) को सीमा तोक्न सक्ने व्यवस्था छ । सो अनुसार राइट अफ वे तोकेको छैन । यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२७. **धिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेशले कानूनबाट सुविधाको रुपमा पारिश्रमिक पाउने व्यवस्था गरेबमोजिम यो गाँउपालिकाले अध्यक्ष, उपाध्यक्ष र सदस्यको पारिश्रमिक रु. ६०७०८००। खर्च लेखेको देखियो ।

२८. **स्थानीय भत्ता :** भ्रमण खर्च नियमावली, २०६४ नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुने किसिमको भत्ता नपाउने व्यवस्था छ । नियमा भएको व्यवस्था विपरित कार्यालयबाट देहायका कर्मचारीले निम्नानुसारको दिनको दैनिक भ्रमण भत्ता भुक्तानी हुँदा स्थानीय भत्ता कट्टा नगरेको देखिएकोले असुल हुनुपर्ने रु. १०१९५९.६

| क.सं | कर्मचारीको नाम | दिन | रकम रु. |
|---|---|---|---|
| १ | इन्जिनियिर नविन साउद | १८२ | ७१६४७.३ |
| २ | प्र.प्र. अ. तीर्थराज थापा | ७७ | ३०३१२.३ |
| | **जम्मा** | | **१०१९५९.६** |

२९. **ल.ई.मा समावेश नभएको :** लागत अनुमानमा समावेश नभएको आइटम भुक्तानी गर्न मिल्ने देखिदैन । पुवुर्ता सडक निर्माण उसको भुक्तानीमा ग्याविन जाली थान ४७ वटाको रु. १६७१७२। र ग्याविन भर्ने कार्यको रु. २४६९२७। सहित जम्मा रु. ४१४०९९। लागत अनुमानमा समावेश नभएको आइटम भुक्तानी भएको देखियो । त्यस्तै, भौ.न. १५८-०७६।३।१९ बाट भाटवाँडा खानेपानीको भुक्तानीमा ३३ वटा (3*1*1)को हुने रु. ५१४३८। भुक्तानी दिएको देखियो । यसरी नियम विपरित भएको भुक्तानी नियमित गर्नुपर्ने रु. ४६५५३७.०

३०. **लगानी :** सार्वजनिक निकायले स्थानीयस्तरमा सेवा विक्री गरी दिर्घकालीन नाफा कमाउन सक्ने योजनालाई अनुदान दिनु भन्दा लगानी गर्नु उपयुक्त हुन्छ । कार्यालयले देहायका दिर्घकालीन नाफामुलक योजनालाई भुक्तानी गर्दा लाभको हिस्सा एकिन नगरेको तथा संचितकोषमा देखाएको छैन । दीर्घकालसम्म कायम रहने यस्ता योजनामा लगानी गर्दा लगानीलाई सञ्चित कोषमा देखाउने, लागत लाभको विश्लेषण गरेर लगानी गर्ने, लाभको हिस्सेदारीलाई सम्झौतामा उल्लेख गर्ने, सम्झौताका कागजात सुरक्षित र भरपर्दो राख्ने, सेयरप्रमाण पत्र लिने, लगानी सम्बन्धमा स्थानीय

मापदण्ड, नीति र कानुन बनाउने कार्य गर्नुपर्ने देखिन्छ । लगानीको संझौता र लगानीको हिस्सा आर्थिक विवरणमा देखाउनुपर्ने देखिएको रु.

यस सम्वन्धमा छलफल गर्दा लघु जलविद्युत्त आयोजना संचालन गर्ने उपभोक्ता समिति र नगरपालिकाविच आयको ५०/५० प्रतिशत लिने गरी संझौता भएको र आगामी वर्षदेखि सम्पूर्ण हिसाव एकिन गरी खुद आयको ५० प्रतिशत लिने व्यवस्था गरिने जानकारी प्राप्त भएको छ । यसरी नगरपीलकाले लगानी थप गर्दै जाने तर नाफा भए ५० प्रतिशत मात्र प्राप्त गर्ने व्यवस्था उचित नभएकोले थप लगानी समेतलाई ध्यानमा राखी संझौतामा पुनरावलोकन हुनपर्ने समेत देखिएको छ ।

| क्र.सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| १ | १०-०७५/११/२६ | ठाग्रासैन कासेगाड लघु जलविद्युत्त आयोजना | ९००००० .०० |
| २ | २६-०७६/१/४ | मालागाड (दोश्रो) लघुजलविद्युत्त आयोजना | ८००००० .०० |
| ३ | १२५-०७६/२/३० | गोरेखोला मालागाड लधुजलविद्युत्त डिपिआर | ७९८९१०.०० |
| ४ | १४६-०७६/३/६ | मालागाढा खोला लघुजलविद्युत्त | ४००००० .०० |
| ५ | १७९क-०७६/३/२२ | काँसागाड लघुजलविद्युत्त आयोजना | ८००००० .०० |
| ६ | २३८-०७६/३/२५ | काँसागाडा लघुजलविद्युत्त आयोजना | ८००००० .०० |
| ७ | २८९-०७६/३/२७ | मालागाडा लघुजलविद्युत्त | ७२०७८६.०० |
| ८ | ३०४-०७६/३/२९ | त्रिवेणी संचार बहुद्देश्यीय सहकारी संस्था लि. | १५००००० .०० |
| | | **जम्मा** | **५३६९६९६.००** |

५३६९६९६.०

३१. **प्रमाण पेश गर्नुपर्ने :** स्वीकृत वजेट खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। निम्नानुसारका भूक्तानीमा राख्नुपर्ने प्रमाण नदेखिएकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु.

| क्र. सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. | पेश हुनपर्ने |
|---|---|---|---|---|
| १ | १०३-०७६/२/२७ | त्रिवेणी आवि फर्निचर खरिद | १५००००० .०० | विद्यालयको दाखिला प्रमाण |
| २ | १७३-०७६/३/२० | तोली देवलडाँडा मावि फर्निचर खरिद | ५००००० .०० | विद्यालयको दाखिला प्रमाण |
| ३ | २०२-०७६/३/२९ | पुष्पलाल आवि फर्निचर खरिद | १५००००० .०० | विद्यालयको दाखिला प्रमाण |
| ४ | २०४-०७६/३/२४ | बालकल्याण आवि डस्क वेन्च खरिद | १५००००० .०० | विद्यालयको दाखिला प्रमाण |
| ५ | २२५-०७६/३/२५ | कालिकेश्वरी आवि फर्निचर खरिद | ५०००० .०० | विद्यालयको दाखिला प्रमाण |
| ६ | २३३-०७६/३/२५ | पार्वती मावि फर्निचर खरिद | २००००० .०० | विद्यालयको दाखिला प्रमाण |
| ७ | २३७-०७६/३/२५ | त्रिभुवनेश्वरी मावि छतारा | ५००००० .०० | विद्यालयको दाखिला प्रमाण |
| ८ | २४५-०७६/३/२६ | नुवाकोट आवि फर्निचर खरिद | ४८८०० .०० | विद्यालयको दाखिला प्रमाण |
| ९ | २४६-०७६/३/२६ | नाट्यश्वरी आवि फर्निचर खरिद | १५००००० .०० | विद्यालयको दाखिला प्रमाण |
| १० | २४८-०७६/३/२६ | सरस्वती प्रावि फर्निचर खरिद | ५०००० .०० | विद्यालयको दाखिला प्रमाण |
| ११ | २५४-०७६/३/२६ | भवानी प्रावि फर्निचर खरिद | ९७८०० .०० | विद्यालयको दाखिला प्रमाण |
| | | **जम्मा** | **२०४६६००.०** | |

२०४६६००.०

३२. **वितरण मुखि खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम खर्चको वर्गीकरण बमोजिम नोक्सानी, व्ययभार, अनुत्पादक र वितरणमुखी खर्चलाई नियन्त्रण गरी आय-व्यय सम्बन्धी कारोबारको लेखा जिम्मेवारीपूर्वक राख्नुपर्ने व्यवस्था छ ।सोही ऐनको दफा ७३ को उपदफा ६ मा प्रमुख प्रशासकीय अधिकृतले वजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । साथै, स्वीकृत तथा निश्चित कार्यविधि स्वीकृत नगरी निजी स्तरमा नाफा कमाउने उद्धेश्यले स्थापित उद्योगलाई स्वेच्छिक हिसावले दिदा समान व्यवहार नहुने भएको एवं तल उल्लेख गरिएका उद्योगहरु मध्ये नितेश फर्निचर उद्योगलाई रु ४लाख ३५ हजार र परमविर फर्निचर उद्योगलाई रु २ लाख ३५ हजार दिई असमान अनुदान दिएको प्रष्ट हुने भएको र खर्चको वर्गीकरण तथा व्याख्या विपरीत नगरपालिकाले निजी फर्म निर्माण, उद्योग संचालन अनुदान, असम्बन्धित आर्थिक सहायतामा देहाय बमोजिम रु. १४१५०००। खर्च गरेको देखियो । यस्तो वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्दछ ।

**१४१५०००.०**

| क्र.सं | भौ.न./मिति | विवरण | भुक्तानी रु. |
|---|---|---|---|
| १ | २११-०७६/३/२४ | त्रिवेणी इन्टरलक इटा उद्योग | ३००००० .०० |

| | | | |
|---|---|---|---|
| २ | २४७-०७६/३/२६ | परमविर फर्निचर उद्योग भवन निर्माण | २३५०००.०० |
| ३ | २६१-०७६/३/२६ | नितेश फर्निचर उद्योग संचालन अनुदान | ४३५०००.०० |
| ४ | ३०१-०७६/३/२९ | मष्टामाण्डौ ग्रिल उद्योग संचालन अनुदान | ४४५०००.०० |
| | | **जम्मा** | **१४१५०००.००** |

३३. **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा रनिङ बिल तथा बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेका जाँच गरी दिनुपर्ने व्यवस्था छ । कार्यालयबाट यस आवमा भुक्तानी दिएका निम्नानुसारका योजनामा बढि भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु. १,१२३००७.४७

| क्र.सं. | भौ.न./मिति | विवरण | परिणाम | फरक दर | रकम रु. |
|---|---|---|---|---|---|
| १ | १३-०७५/११/२८ | पुवुर्ता सडक निर्माणमा लागत अनुमानमा समावेश नभएको ग्याविन (2*1*1) को ४७ वटाको ९४ घनमिटर दिएकोमा ढुङ्गा भर्ने कार्य १०४ घनमिटर दिएकोले ढुङ्गा भर्ने कार्य १० घनमिटरको रु. २३७४ को दरले बढि भएको । | १० | २३७४.०० | २३७४०.०० |
| २ | १६-०७५/११/२८ | मष्टेश्वरी आवि ग्याविन निर्माणमा ग्याविन र ढुङ्गाको आयतन बराबर हुनुपर्नेमा ग्याविन (2*1*1) को १० वटाको २० घनमिटर दिएकोमा ढुङ्गा भर्ने कार्य १२० घनमिटर दिएकोले ढुङ्गा भर्ने कार्य १०० घनमिटरको रु. २१५४ को दरले बढि भएको । | १०० | २१५४.०० | २१५४००.०० |
| ३ | ११८-०७६/२/३० | ठाटी पिपल देखि तरिस खोला सडक को आइटम नं ३.३ को स्टोन मेशिनरी विथ सिमेन्ट मोटार (१:६) को ७३.६७ घनमिटरमा हुन आउने २३४ बोरा सिमेन्ट दिएकोमा खरिद गरि विलविजक १०० बोरा मात्र पेश भएको हुँदा बढि भुक्तानी १३४ बोरा | १३४ | १६००.०० | २१४४००.०० |
| ४ | ४०-०७६/१/८ | श्री नवदुर्गा भवानी मन्दिर निर्माण भुक्तानीको आइटम नं. ४ को आरसिसि(१:१.५:३) को पिलार अप टु टपको गणना गर्दा १.२९ घनमिटर जोड हुनुपर्नेमा ४.३२ गरि ३.०३ घनमिटर बढि जोडेर गणना भएको | ३.०३ | २५१६६.० | ७६२५२.९८ |
| ५ | १३९-०७६/३/५ | वडा कार्यालय ग्याविन वाल निर्माणमा (2*1*1) को ८३ बटा र (1.5*1*1) ४४ वटा सहित जम्मा २३२ घनमिटर क्षमताका ग्याविन दिएकोमा ग्याविनमा भर्ने ढुङ्गा १९४ घनमिटर नापि कितावमा उल्लेख रहेको देखिदा १९ वटा (२*१*१) बढि भुक्तानी भएको | १९ | ३९१४.०० | ७४३६६.०० |
| ६ | १९०-०७६/३/२३ | सिम्ला पहिरो देखि चाल्नेगाडा सडकको आइटम नं. ३ मा stone masonary work with cement mortar 1:4 को ३३.३८ घनमिटर को हुन आउने ५० केजिका १०६ बोरा सिमेन्टको भुक्तानी गरेकोमा ७७ बोरा सिमेन्ट मात्र खरिद गरेको पेश भएको विलविजकबाट देखिएकोले बढि हुने २९ बोरा भएको | २९ | १६०१.०० | ४६४२९.०० |
| ७ | २४४-०७६/३/२६ | श्री चिउरेखोला भगवती मन्दिर निर्माण भुक्तानीको आइटम नं. ४ को आरसिसि(१:१.५:३) को पिलार अप टु टपको गणना गर्दा १.२९ घनमिटर जोड हुनुपर्नेमा ४.३२ गरि ३.०३ घनमिटर बढि जोडेर गणना गरि बढि भुत्तानी भएको | ३.०३ | २४८८३.०० | ७५३९५.४९ |
| ८ | २६९-०७६/३/२६ | वडा नं. ५ भवन निर्माण सिमैट मोटार १:६ को १३.९२ घनमिटर, पिसिसि (१:३:६) को ४.२७ घनमिटर र पिसिसि (१:१.५:३) को २७.४४ घनमिटरको ५० केजिका जम्मा २६८ बोरा सिमेन्ट नापी किताव बमोजिम भुक्तानी दिएको २३५ बोरा सिमन्ट खरिद गरेको विलविजकबाट देखिएकोले ३२ बोरा सिमेन्ट बढि भुत्तानी भएको । | ३२ | १६०१.०० | ५१२३२.०० |
| ९ | २८२-०७६/३/२६ | नगरपालिका फिल्ड निर्माणमा आइटम नं. ३ मा stone masonary work with cement mortar 1:4 को २१३ घनमिटरमा हुने सिमेन्टको अंश ४५१ बोराको नापी कितावमा उल्लेख गरि भुक्तानी भएकोमा पेश भएको खरिद विलविजकमा पिपिसि सिमेन्ट २३५ बोरा प्रयोग भएको देखियो । यसरी वास्तविक खर्च भन्दा २१६ बोरा बढि भुक्तानी भएको । | २१६ | १२०२.०० | २५९६३२.०० |
| १० | २८७-०७६/३/२७ | खिन्नै सत्यदेवि विद्यालयको ग्याविन वाल निर्माणमा ४२ घनमिटरको ग्याविन क्षमता दिएकोमा सोमा भर्ने ढुङ्गा ८२ घनमिटरको रु. २१५४। प्रति घनमिटरका दरले भुत्तानी भएको छ । ढुङ्गा भर्ने र ग्याविन अटाउने क्षमता समान हुनुपर्नेमा ४० घनमिटर ढुङ्गा बढि भुक्तानी भएको । | ४० | २१५४.०० | ८६१६०.०० |
| | | **जम्मा** | | | **११२३००७.४७** |

३४. **लागत अनुमान बेगर खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ र ५ (क) मा सार्वजनिक निकायले लागत अनुमान तयार गरी स्विकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका खरिद कार्यमा लागत अनुमान बनाई स्विकृत गरेको देखिएन । लागत अनुमान वेगर खरिद गर्दा खरिद प्रक्रिया छनौट, स्पेशिफिकेशन, गुणस्तर, खर्च मितव्ययीता हुने अवस्था नरहने हुदा यसमा गम्भिर ध्यान दिनुपर्ने देखिन्छ । नियम विपरित भएको कार्यको औचित्य पुष्टि गर्नुपर्ने देखिएका रु. १०३९८००.०

| भौ.न./मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| २७-०७६/१/४ | योजना सफ्टवेयर खरिद | २८२५००.०० | |
| ३१-०७६/१/४ | जिन्सी सफ्टवेयर | २८२५००.०० | |
| १३२-०७६/३/४ | नर्मदा इन्फोसिस | ४७४८००.०० | |
| | **जम्मा** | **१०३९८००.००** | |

३५. **कर दाखिला :** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानी गर्दा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न फर्महरुलाई भुक्तानी गर्दा कर कट्टा नगरेको तथा केहिमा आंशिक मात्र गरेको देखियो । नियमानुसार कर कट्टा गरी दाखिला हुनुपर्ने रु. १२०००.०

| भौ.न./मिति | विवरण | रकम | कर रकम | कैफियत |
|---|---|---|---|---|
| १७ | कृषि मेला प्रर्दशनी | १५००००.०० | ७५००.०० | पारिश्रमिक कर |
| ६/२०७५.९.१० | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक | ३००००.०० | ४५००.०० | पारिश्रमिक कर |
| | **जम्मा** | | १२०००.०० | |

३६. **मुल्य अभिवृद्धि कर :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंशकट्टा गरेर मात्र भूक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष विभिन्न ३१२ वटा निर्माण कार्यका लागि गठित भएका उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश गरी मूल्य अभिवृद्धि कर वापत रु ८९००६४.८३ । भूक्तानी गरेकोले नियम सम्मत देखिएन । कानूनमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखियो ।

३७. **प्रधानमन्त्री रोजगार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत वार्षिक बजेट रु.५१५४०००।०० विनियोजन भएकोमा रु.४५४६६८१५। खर्च गरि रु. ५८७१८५। बाँकी रहेकोमादेखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

क) यस कार्यक्रममा रु.४५६६८१५। खर्च लेखेकोमा पालिका अन्तर्गत ४७५३ बेरोजगार रहेको जनाएकोमा २३० जनालाई २० दिनको रु ७००। का दरले रु ३२,२०,०००। भुक्तानी नगरेकोमा रु १९,१९,४६४। अन्य प्रयोजनमा खर्च गरेकोले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित रकमको ८८।६१ प्रतिशत खर्च गर्दा बेरोजगार संख्याको ४.८४ प्रतिशतले मात्र लाभ पाएको देखियो ।

क) खर्च भएको मध्ये निर्माण सामाग्री खरिद रु ५३०७४०।०० र हाते औजार खरिद रु १८८८७१।०० र अन्य खरिद रु ८७७४०।०० समेत रु ८०७३५१।०० खर्च गरेकोमा आर्थिक वर्षको अन्तमा १५ दिन मात्र काम लगाई खरिद गरिएका सामाग्री मौज्दात जनाई आगामी वर्ष समेत प्रयोग गर्ने व्यवस्था गर्नुपर्नेमा सवै सामाग्री खर्च लेखेकोले पुन सोही प्रकृतिका खरिद गरिएका सामान आगामी वर्ष प्रयोग हुन सक्ने भएकोले खरिद भएका समाग्रीको जिन्सी दाखिला गरि आगामी वर्ष समेत प्रयोग गर्न अभिलेख राख्नु पर्ने रु ३८७८००.०

ख) रोजगारदाताको रकम भुक्तनी गर्दा खातामा जम्मा गरी खर्च लेख्नुपर्नेमा नागरिकताको प्रमाण समेत संलग्न नराखी २३० जनालाई २० दिनको रु ७००।०० का दरले रु ३२,२०,०००।०० खर्च लेखेकोमा वास्तविक बेरोजगारले रकम पाएको सम्वन्धमा यकिन नभएको रु ३२२००००.०

३८. **अनुगमन खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम ७(३) मा सार्वजनिक यातायात चल्ने स्थानमा एकैदिन गई फर्कन सक्ने अवस्थामा दैनिक भत्ताको २५ प्रतिशत खाजाखर्च र यातायात खर्च पाउने व्यवस्था छ । नियम (८) मा सदरमुकाम क्षेत्र वा रात विताउनु पर्ने गरी खटिएको स्थानदेखि पन्ध्र किलोमिटर भित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरबास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता खर्च नपाउने व्यवस्था छ । यस पालिका अन्तर्गतका मुकाम बाजुरा सम्म भ्रमण गर्दा तथा पालिकाका वडा सम्मको अनुगमन लगायत अन्य कार्यक्रमको १ दिनको कार्यलाई समेत २ देखि ६ दिन सम्मको देखाई अनुगमन मूल्यांकन खर्च रु २५,७८,०००।०० रु भ्रमण खर्च रु ४,७४,०००।०० समेत जम्मा रु ३०,५२,०००।०० खर्च लेखेको छ

। यसरी नियममा व्यवस्था विपरित  भ्रमण तथा अनुगमन मूल्यांकन खर्च भुक्तानी गर्ने गरेको पाईएकोले आदेश दिनेलाई समेत जिम्मेवार बनाई खर्च नियन्त्रण गर्नुपर्दछ ।

३९. **खर्चको मापदण्ड** : पालिकाले वर्षभरीमा खाजा खाना तथा गाडी भाडामा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा पालिकाले मापदण्ड वनाएको पाईएन । खर्च रकम नियन्त्रण गर्न आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| १ | भैपरी खर्च | ४५४८३०.०० |
| २ | ईन्धन | ५८३५००.०० |
| ३ | नगरसभा बैठक खर्च | २८२०००.०० |
| ४ | विविध खर्च (चीया पान र अतिथि सत्कार) | ११०४०००.०० |
| ६ | संचार महशुल | ४३९०००.०० |
| ७ | दैनिक तथा भ्रमण भत्ता खर्च तथा अनुगमन खर्च | ३०५२६८०.०० |
| ८ | जग्गा तथा घर भाडा | १३९६०००.०० |

४०. **सेवा करार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५(१) माकार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा रु. ५ लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा सूचना प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले.शिक्षक वाहेक ३६ जना कर्मचारी नियुक्ती गरी  सेवा परामर्शमा रु ४,३४,६००।०० र करार सेवा शुल्क ६२,४७,९६२।०० समेत रु ६६,८२,५६२।०० खर्च लेखेको पाइयो । यसमा सुधार हुनुपर्दछ ।

**विपत व्यवस्थापन**

४१. **अनियमित खर्चः**मन्त्रिपरिषद्बाट स्वीकृत नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ को बुँदा १२ मा राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुलाई औषधोपचार तथा आर्थिक सहायता उपलब्ध गराउने र बुँदा १६ मा औषधोपचार बाहेक अन्य प्रयोजनमा सहायता उपलब्ध नहुने उल्लेख छ । गृह प्रशासन सुधार कार्ययोजना, २०७४ ले आर्थिक सहायता वितरण पारदर्शी बनाउन मापदण्ड तर्जुमा गर्ने उल्लेख गरेको छ ।कार्यविधिको बुँदा १२.१ मा  राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिलाईऔषधोपचारमा बढीमा रु.७ लाखसम्म आर्थिक सहायता दिन सकिने व्यवस्था छ ।  कार्यपालिकाको निर्णयबाट/ रु.५ हजारदेखि रु.१० लाखसम्मका दरले ५२ जना भन्दा वढीलाई आन्तरिक आय वेगर समानीकरण चालु शिर्षकबाट राहत रु ३२ लाख १२ हजार १४४  र पुँजीगत शिर्षकवाट ६ जनालाई रु २ लाख ३० हजार समेत रु ३४ लाख ४२ हजार १४४  वितरण गरेको छ। यस सम्बन्धमा देखिएका  प्रमुख व्यहोराहरु निम्न छन्:

क) १३-०७५।११।२८ सवारी दुर्घटनामा निधन भएका वडा अध्यक्ष खम्भ दमाई नेपालीको परिवारलाई राहत स्वरुप रु १० लाख दिई  खर्च लेखेको पाईयो । सोही सवारी दुर्घटनामा निधन भएका अन्य ४ जनालाई जनही रु १ लाखका दरले ४ लाख  दिएको छ ।

ख) नगर प्रमुख श्री राम सिंह रावललाई पटक पटक औषधी उपचार गरेकोमाराहत स्वरुप  रु ४ लाख २१ हजार ६०७।०० खर्च लेखेको पाईयो ।

ग) वार्ड नं. ७ का चन्द्र बहादुर आयडीलाई विदेशमा चिकित्सा विज्ञान तथा रमेश आयडी, दिपक साउद र महेशराज गिरी समेत ३ जनालाई रु ३ लाख ईञ्जिनियरिङ्ग  अध्ययन  गर्न  राहत उपलव्ध गराएको छ ।

घ) रेखा थापा कटुवाललाई वच्चाको भरण पोषणको लागि रु २ लाख ५० हजार ,सर्पे वुढा , विर वहादुर वुढालाई निजको घर वाटोमा परेको भनी रु १ लाखका दरले रु २ लाख मुआव्जा  दिएको छ । संघीय सरकारले स्वीकृत गरेको कार्यविधि विपरित कानून निर्माण तथा कार्यान्वयन गर्न नपाइने तथा संघीय सरकारको कार्यविधिको अधिनमा रही निश्चित  कार्यविधि स्वीकृत नगरी स्वेच्छिक अधिकार प्रयोग गरी नेपाल सरकारवाट प्राप्त समानीकरण अनुदान प्रयोग गरेकोले  यस प्रकारको कार्यवाट कानूनको अधिनमा रही नगरवासीले समानरुपले राहात  तथा आर्थिक सहयोग पाउने निश्चितता नभएको  साथै आन्तरिक स्रोतवाट खर्च नगरेको समेत देखिएको  रु ३४४२१४४.००

४२. **पशुपन्छी विकास कार्यकमः** यस कार्यकम अन्तर्गत ५० प्रतिशत अनुदान अन्तर्गत जर्सी गाई खरिद गर्न त्रिवेणी गाइपालन समूह वार्डनं. ८ लाई २०७६।३।३० मा रु ९२००००।०० विल बाट रु ७७८०००।०० अनुदान दिएको देखियो । कृषक समूहले पेश गरेको प्रस्तावना अनुशार कुन कार्यमा

<table>
<tr><td></td><td>उपभोक्ताको योगदान तथा पालिकाको योगदान रहने हो सो खुलाई कार्य सम्पन्न पेश नगरेकोले ५० प्रतिशतको अनुपातमा ४६००००।०० मात्र व्यहोर्नुपर्नेमा ७७८०००।०० खर्च लेखकोले बढी खर्च लेखेकोरु ३१८०००।०० को उपभोक्ताको अशंबाट गरेको कामको विलभरपाई सहित कार्यालयको अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु</td><td>१८०००.००</td></tr>
<tr><td>४३.</td><td>बैठकमा मितव्ययिता – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतालाई ध्यान दिई सरकारी रकम निकासा दिन वा खर्च गर्नुपर्ने व्यवस्था छ । केन्द्रले विभिन्न मितिमा विभिन्न प्रयोजनका लागि बैठकहरु राख्ने निर्णय गर्ने र सो अनुसारको बैठक भत्ता खर्च लेख्ने गरेको छ । एक वा २ वटा बैठकबाट टुङ्याउन सकिने एकै प्रकृतिको निर्णय हुने विषयवस्तुलाई समेत पटक पटक र आवश्यकभन्दा बढी सहभागी संख्या राखी बैठक भत्ता खर्च गरेको देखिएकोले बैठक भत्तामा मितव्यायिता अपनाउनु पर्दछ ।
<table>
<tr><th>भौ.नं.र मिति</th><th>बैठकको विषय</th><th>बैठक संख्या</th><th>सहभागी संख्या</th><th>बैठक भत्ता रकम</th></tr>
<tr><td>२४६-०७६/३/२९</td><td>जिप तथा मोटरसाइकल मूल्याकंन समिति</td><td>१०</td><td>२४ जना सम्म</td><td>५००००.००</td></tr>
<tr><td>१९४-०७६/३/२०</td><td>सिलवन्दी दरभाउपत्र मूल्याकंन समिति</td><td>३</td><td>६ जना सम्म</td><td>१६५००.००</td></tr>
<tr><td>१९४-०७६/३/२०</td><td>समिति गठनका लागि मूल्याकंन</td><td>१</td><td>१२ जना सम्म</td><td>१३५००.००</td></tr>
<tr><td>२४६/०७६/३/२९</td><td>रोजगार कार्यक्रम निर्देशक समिति बैठक</td><td>२</td><td>८ जना</td><td>१४०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.</td><td>३।२०७६।३।२० वार्ड नं. ६ को वडा कार्यसञ्चालन खर्च अन्तर्गत ७ थान झोला खरिद वापत २०००।०० का दरले १४०००।०० खर्च लेखेकोमा वितरण भरपाई संलग्न नरहेको रु.<br>क) कुर्सि, टेवल, फिल्टर, दराज खरिद वापत वडिमालिका ट्रेडर्स बाजुरालाई रु ४६१६०।५० खर्च लेखेकोमा जिन्सी दाखिला प्रतिवेदन संलग्न नरहेकोले पेश हुनुपर्ने रु.</td><td>१४०००.००<br>४६१६०.५०</td></tr>
<tr><td>४५.</td><td>भौ.न. १८-०७५।११।२९ र ५७-०७६।१।२५<br>असुल : खर्चको विल भर्पाई पेश गर्दा यथार्थ र औचित्यपूर्ण हुनुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐनको दफा ७३ को उपदफा ६ मा प्रमुख प्रशासकीय अधिकृतले वजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । जग्गा खरिद गर्नको लागि तत्कालिन नासु श्री खगेन्द्र साउद र खरिदार दिल बहादुर बुढालाई रु. ५८०००००। र रु. ३०००००। पेश्की दिएकोमा भौ.न. २८०-०७६।३।२६ र बाट पेश्की फछ्र्यौट गर्दा देहाय बमोजिम देखियो ।
<table>
<tr><th>विवरण</th><th>खर्च (खगेन्द्र साउद)</th><th>खर्च (दिल व. बुढा)</th><th>कैफियत</th></tr>
<tr><td>लिखत खर्च</td><td>३५४००.००</td><td>१९६००.००</td><td></td></tr>
<tr><td>विविध कागजात मिलाएको</td><td>१५०००.००</td><td>१५०००.००</td><td></td></tr>
<tr><td>राजश्व</td><td>१०८५५०.००</td><td>१४६०९२.००</td><td></td></tr>
<tr><td>जग्गादातालाई भूक्तानी</td><td>४४५५५००.००</td><td>०.००</td><td></td></tr>
<tr><td>गाडी भाडा</td><td>१८३०००.००</td><td>२००००.००</td><td></td></tr>
<tr><td>खाजा/खाना खर्च</td><td>९१९२६.००</td><td>७०१४५.००</td><td></td></tr>
<tr><td>दैनिक भ्रमण खर्च</td><td>५९३००.००</td><td>०.००</td><td></td></tr>
<tr><td>बैंक दाखिला</td><td>७५६४१०.००</td><td>०.००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>५७०५०८६.००</td><td>२७०८३७.००</td><td></td></tr>
</table>
उल्लेखित खर्चको विवरण बमोजिम विविध कागजात मिलाएको शिर्षकको खर्च के हो प्रष्ट हुन सकेन । साथै, त्रिवेणी देखि मार्तडी मालपोत कार्यालयसम्मको १ घण्टा लाग्ने पिच सडकमा अस्वाभाविक गाडी भाडा खर्च खगेन्द्र साउदवाट रु १ लाख ८३ हजार र दिल वहादुर बुढावाट रु २० हजार समेत रु २ लाख ३ हजार छानविन गरी उचित खर्च कटाई वढी खर्च असुल गर्नु पर्ने रु<br>१) खाजा खर्च रु १६२०७१।०० र दैनिक भ्रमण खर्च रु ५९३००।०० को प्रयोजन स्पष्ट रहेको देखिएन । यस सम्बन्धमा आवश्यक छानविन गरि वढी खर्च दावी गरेको असुल गर्नुपर्ने रु.<br>२) पेश्की फछ्र्यौट गर्दा विलविजक जोडजम्मा गर्दा खगेन्द्र साउदको रु. ९४९१४। र दिल बहादुर बुढाको रु. २९१६३। कम भएकोले असुल हुनुपर्ने रु.</td><td>२०३०००.००<br>२२१३७१.००<br>१२४०७७.००</td></tr>
</table>

<table>
<tr><td>४६.</td><td>बहुक्षेत्रीय पोषण कार्यक्रमः<br>१००० दिनका आमालाई पोषण सम्वन्धि कार्यक्रम सञ्चालनका लागि रु पोषण योजना कार्यक्रमबाट रु १३५२०००।०० र गाउपालिका बाट रु ७९०६५०।०० समेत जम्मा रु २१४२६५०।०० खर्च गर्न करेसावारी व्यवस्थापन तथा उन्नत तरकारी किट वितरण, पशु जन्य प्रोटीनको उपलब्धता, कुखुरा चल्ला खरिद तथा वितरण र पोषण समवन्धि व्यवस्थापन तथा परिचालन सम्वन्धि कार्यक्रम गरेको जनाएकोमा पालिका अन्तर्गत सवै वडाका १००० दिनका आमा पहिचान गरि अभिलेख अध्यावधिक गरि तिनलाई लक्षित गरि कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा लेखापरीक्षण सो अभिलेख पेश नभएकोले १००० दिनका आमाहरुको तथ्यांकमा समावेश भएकालाई लक्षित गरि कार्यक्रम गरी लक्षित वर्गले नै सो सेवा पाएको सम्वन्धमा यकिन हुन नसकिएकोले कार्यक्रमले लक्षित उपलब्धी हासिल हुने सम्वन्धमा प्रतिवेदन पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४७.</td><td>प्रशिक्षक भत्ताः-<br>नेपाल सरकार अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिकाको प्रकरण ७.१.१५ मा सवै प्रकारका तालिम, गोष्ठि, सेमिनार केन्दीयस्तर/क्षेत्रीयस्तर, जिल्लास्तर, स्थानीयस्तरमा सञ्चालनको लागि नर्म्सको व्यवस्था गरेको छ । कार्यालयले आ.व. २०७५/७६ मा सञ्चालन गरेका कर्मचारीहरुका लागि विद्युतीय माध्ययमद्धारा पञ्जिकरण २ दिने तालिम कार्यक्रममा देहायका प्रशिक्षकहरुले नर्म्स भन्दा बढी रु १७६०।०० प्रशिक्षण भत्ता लिएको देखियो । नर्म्सभन्दा बढी भुक्तानी गर्न नमिल्ने भएकोले सम्वन्धित पदाधिकारीहरुबाट सोरकम रु. १५३६०.०० असुल गर्नु पर्दछ ।</td><td>१५३६०.००</td></tr>
<tr><td>४८.</td><td>पेश्की : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ र ७९ बमोजिम पेस्की लिने र कार्यविधि अपनाई तोकिएबमोजिम फछ्र्यौट गर्ने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिमको पेश्की फछ्र्यौट भएको छैन । अतः नियमानुसार पेश्की दिई समयमा फछ्र्यौट गर्नुपर्दछ ।
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>रतन बहादुर ऐरी</td><td>५०००.००</td><td></td></tr>
<tr><td>२.</td><td>मन बहादुर रावल</td><td>१२००००.००</td><td></td></tr>
<tr><td>३.</td><td>बल ब. थापा</td><td>५०००.००</td><td></td></tr>
<tr><td>४.</td><td>मालिका ईन्जिनियरिङ्ग एण्ड मेकानिकल वर्क्स</td><td>१६२०००.००</td><td></td></tr>
<tr><td>५.</td><td>हिमा कुमारी बोहोरा</td><td>१६२२.००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>२९३६२२.००</td><td></td></tr>
</table></td><td>२९३६२२.००</td></tr>
<tr><td>४९.</td><td>सामाजिक सुरक्षा भत्ता पाउनेको लगत : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९ को नियम ६ मा सुविधा उपयोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यस्था छ । साविकमा परिचयपत्र लिएका व्यक्तिहरुले समेत आगामी आर्थिक वर्षमा भत्ता पाउनको लागि तोकिएको मितिभित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गराउनु पर्ने व्यवस्था छ । निर्देशिकाको नियम ६(२) मा चालु आर्थिक वर्षको आषाढभित्र उमेर पुग्ने नागरिकहरुले नगरपालिकामा चालु आर्थिक वर्षको मंसिर १५ गतेसम्म दरखास्त दिनुपर्ने र दरखास्त दिएका लक्षित समुहलाई नगरपालिकाले निर्देशिका अनुसार परिचयपत्र उपलब्ध गराउनु पर्ने तथा आर्थिक वर्षको श्रावण१ देखि परिचयपत्र कार्यान्वयन हुने व्यवस्था छ । नगरपालिकाले यो आर्थिक वर्षमा रु ३५१०७६०००। सामाजिक सुरक्षा खर्च लेखेको छ । सामाजिक सुरक्षा अनुदान प्राप्त गर्नेहरुको अनलाइन डाटावेस तयार गरी सोही आधारमा खर्च तथा अभिलेख व्यवस्थापन गर्नुपर्ने देखिएको छ । साथै वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता हालसम्म बैक मार्फत वितरण गरेको देखिएन । बैंक मार्फत हितकारी व्यक्तिको खातामा सामाजिक सुरक्षा भत्ता वितरण कार्य गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन :<br>१. वार्ड नं. ५ पेश भएको दोश्रो किस्ता वितरण भरपाई ३४ जनालाई ८०००।०० का दरले २७२०००। वितरण भरपाई हुनुपर्नेमा २८००००। वितरण भरपाई पेश भएकोमा रु ८०००। बढी वितरण सम्वन्धमा छानविन हुनुपर्ने रु.<br>२. वार्ड नं. ५ पेश भएको दोश्रो किस्ता वितरण भरपाई अनुशार ४६६८००। निकासा भई पेश भएको भरपाई अनुशार ३ जनाले नलिएको रु १६०००।०० फिर्ता गर्नुपर्नेमा भरपाई वेगर रु १९६००।०० फिर्ता गरेकोले वितरण संख्या यकिन गरि फिर्ता गरेको रकम सम्वन्धमा छानविन हुनु पर्ने रु</td><td>८०००.००<br><br>१९६००.००</td></tr>
<tr><td></td><td>बेरुजु तथा संपरीक्षणः आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ मा महालेखापरीक्षकको</td><td></td></tr>
</table>

कार्यालयवाट लेखापरीक्षण हुँदा औंल्याइएका बेरुजूहरु सम्वन्धमा सो बेरुजूको सूचना प्राप्त भएको पैतिस दिनभित्र सम्वन्धित कार्यालयले फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । गत विगत वर्षको बेरुजु मध्ये संपरीक्षणका लागि रु.१००९३२४.००लेखापरीक्षण डोरमा पेश गरेकोमा आ.व. २०७४।७५ को निम्न दफा नं. को रु.४२८९९२.०० संपरीक्षण भएको छ । पेश्की बाँकी समेत समयमै फछ्र्यौट गरि संपरीक्षण गर्ने गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

| सि.नं. | आ.व. | व्यहोरा | अनुरोध रकम | सम्परीक्षण रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | १८ | सामाजिक सुरक्षा भत्ता | १२४०००.०० | ४००००.०० | प्रमाण |
| २. | २० | खगेन्द्र साउदको दाखिला | ३०२५०.०० | ६०५०.०० | नगद दाखिला |
| ३. | २०.१ | खाना खर्च भुक्तानी | ५६५००.०० | १२५००.०० | नगद दाखिला |
| ४. | २१ | बैठक भत्ता | २५५०.०० | २५५०.०० | नगद दाखिला |
| ५. | २२ | कर दाखिला प्रमाण पेश | १०२८७३.०० | ४१३४१.०० | प्रमाण |
| ६. | २४.२ | तलव बढी भुक्तानी | १४८८०.०० | १४८८०.०० | प्रमाण |
| ७. | २६ | घर बहाल कर दाखिला नगरेको | ४८००.०० | ४८००.०० | प्रमाण |
| ८. | २८ | बैठक अनुपस्थितिको भुक्तानी | ३८२५.०० | ३८२५.०० | प्रमाण |
| ९. | ३०.१ | विल भरपाई वेगर भुक्तानी | ३८४६.०० | ३८४६.०० | नगद दाखिला |
| १०. | ३०.२ | बढी खर्च लेखेको | ३००००.०० | ३००००.०० | नगद प्रमाण |
| ११. | ३१ | पेश्की फछ्र्यौट कैलाश्वरी मा वि | ४१००००.०० | ६००००.०० | प्रमाण |
| १२. | ३७ | बढी विद्यार्थीलाई निकासा | २५८००.०० | ९२००.०० | प्रमाण |
| १३. | ३८. | अनुगमन रिपोर्ट पेश | २०००००.०० | २०००००.०० | प्रमाण |
| | | **जम्मा** | **१००९३२४.००** | **४२८९९२.००** | |

## त्रिवेणीनगरपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७५।७६

(रु.हजारमा)

| जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| बाजुरा | त्रिवेणी नगरपालिका | ३० | १९ | १८२२६ | ० | ० | ० | ३० | १९ | १८२२६ | १८०१ | ४६६ | १५६६६ | ० | ० | १७९३३ | ०.०० | २९४ | २९४ |

## त्रिवेणी नगरपालिकाको सञ्चित कोष विवरण

अनुसूची - २

२०७५/७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | त्रिवेणी नगरपालिका | बाजुरा | ६६९०७ | १०८२०० | २४३३१४ | ३८३७ | ३५५३५१ | १९८०५५ | १३२६०३ | २५४ | ३३०९१२ | ९१३४६ |

## अद्यावधिक वेरुजू स्थिति

अनुसूची - ३

२०७५/७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|
| त्रिवेणी नगरपालिका | बाजुरा | ११११४३ | ४२८ | १०७१५ | | १८२२५ | २८९४० |